# लोक सेवा आयोगको सूचना

## केन्द्रीय कार्यालय, अनामनगर

### *सूचना तथा प्रकाशन शाखा*

### समावेशी तर्फ प्रतिशत निर्धारण भई बाँकी रहेका पदलाई विज्ञापनमा पद कायम गरिएको सूचना

**सूचना नं. ४९९/०७०/७१**

आयोगको मिति २०७०/९/१० को सूचनापत्र तथा गोरखापत्रमा प्रकाशित रा.प.तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह(अप्राविधिक) पदको पदथप सम्बन्धी सूचनामा देहायका विज्ञापन नं., श्रेणी, सेवा, समूह, तथा किसिमका पदमा २०७०/८/२६ गते विज्ञापन नभएको कारणले नियमानुसार १४ दिन भित्र थप माग प्राप्त हुँदा उक्त विज्ञापनमा दलित र पिछडिएको क्षेत्र तर्फ कायम भएका पदहरु पद थपको सूचनामा नसमेटिएको हुँदा समावेश गर्ने भनी आयोगबाट मिति २०७०।९।१२ मा निर्णय भएकोले सम्बन्धित उम्मेदवारहरुको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै देहायका समावेशी समूहमा दरखास्त दिन चाहने उम्मेदवारहरुले आयोगबाट तोकिएको म्यादभित्र दरखास्त दिन समेत आव्हान गरिएको छ ।

**तपसिल**

| क.सं | विज्ञापन नं. | पद र श्रेणी | सेवा, समूह | समावेशी समूह | सि.नं | कायम पद संख्या |
|---|---|---|---|---|---|---|
| १ | २९८७/०७०-७१ | शाखा अधिकृत वा सो सरह, रा.प.तृतीय | प्रशासन, सामान्य प्रशासन | दलित | घ (१) | ४ (चार) |
| २ | २९८९/०७०-७१ | शाखा अधिकृत वा सो सरह, रा.प.तृतीय | न्याय, सरकारी वकिल | पिछडिएको क्षेत्र | क (१) | १ (एक) |
| ३ | २९८९/०७०-७१ | शाखा अधिकृत वा सो सरह, रा.प.तृतीय | प्रशासन, सामान्य प्रशासन | पिछडिएको क्षेत्र | क (२) | २ (दुई) |

**द्रष्टव्य** :

(१) उपर्युक्त अनुसारको समावेशी समूहमा दरखास्त दिने मिति २०७०/९/१७ देखि २०७०/९/२३ सम्म र दोब्बर दस्तुर तिरी २०७०/९/३० सम्म कायम गरिएको छ । यो सुविधा दलित र पिछडिएको क्षेत्र समूहमा दरखास्त दिने उम्मेदवारको हकमा मात्र लागू हुनेछ ।

(२) यो सूचना प्रकाशन हुनुभन्दा अगावै दरखास्त फाराम बुझाएका उम्मेदवारहरुले थप दस्तुर सहित दरखास्त फारमको पहिलो पाना भरी उपर्युक्तानुसारका समावेशी समूहमा थप गर्न सक्नेछन् ।

(३) यो सूचना प्रकाशन हुनुपूर्व दरखास्त नदिएकाको हकमा खुलातर्फ दरखास्त दिन चाहेमा साविक बमोजिमकै म्यादभित्र नियमानुसार लाग्ने परिक्षा दस्तुरसहित दरखास्त पेश गर्न सक्नेछन् ।

(४) परीक्षा सम्बन्धी अन्य कुराहरु मिति २०७०।८।२६ कै विज्ञापन/सूचना अनुसार हुनेछ ।